# भन्सार समाचार
# Customs News

भन्सार र वातावरण : हाम्रो प्राकृतिक सम्पदाहरूको संरक्षण गरौं (Customs and the environment : protecting our natural heritage)

वर्ष - १ अङ्क-५ २०६६ साल असार ( June –July 2009) मासिक


## कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेप नहुनेः अर्थमन्त्री

अर्थमन्त्री सुरेन्द्र पाण्डेले जेठ १४ गते भन्सार विभागको निरीक्षण गर्नु भयो। नवनियुक्त अर्थमन्त्रीको स्वागत गर्न तथा उहाँलाई भन्सार प्रशासनको गतिविधि जानकारी गराउन आयोजित कार्यक्रममा उहाँले कर्मचारीको मूल्याङ्कन र सरुवाको आधार उनीहरूको कार्यसम्पादनको स्तर हुने र कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेप नहुने धारण व्यक्त गर्नु भयो। साथै उहाँले भ्रष्टाचारलाई कुनै पनि हालतमा राजनीतिक संरक्षण नहुने दृढता व्यक्त गर्नु भयो। कार्यक्रममा राजस्व सचिव कृष्णहरि बास्कोटा, अर्थमन्त्रालयका सहसचिव द्वय शंकर अधिकारी र शान्तराज सुवेदी, भन्सार विभागका महानिर्देशक बोधराज निरौला, उपमहानिर्देशक लवराज श्रेष्ठ, त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक मुक्तिनारायण पौडेल, भन्सार विभागका कर्मचारीहरू र विभिन्न भन्सार कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा महानिर्देशक निरौलाले भन्सार प्रशासनको कार्यशैली तथा सङ्गठनात्मक ढाँचा, हालसम्मको काम र प्रगति, भविष्यका योजना र चुनौती एवं सम्भावनाहरूको बारेमा जानकारी गराउनु भएको थियो। सो क्रममा उहाँले भन्सार प्रशासनको प्रमुख काम राजस्व सुरक्षा, सामाजिक सुरक्षा तथा व्यापार सहजिकरण रहेका र व्यापार सहजिकरणको लागि भन्सार प्रकृयाहरूको आधुनिकीकरण तथा स्वचालिकरणलाई अभियानको रुपमा अगाडि बढाइएको, सदाचार र आत्मानिष्ठाको संस्कृतिमा आमुल सुधार गरिएको जानकारी गराउनु भयो। परिणाम स्वरूप कठिन परिस्थितिहरूको बाबजुद भन्सारको महत्त्वाकाङ्क्षी राजस्व लक्ष्य प्राप्त हुन सकेको र सेवाग्राही एवं पर्यवेक्षकहरूको भन्सार प्रतिको धारणामा सकारात्मक परिवर्तन आएको उहाँले उल्लेख गर्नु भयो।

तराईको संवेदनशील सुरक्षाको अवस्थाको कारण कर्मचारीलाई कार्यालयमा कार्यरत रहन कठिन भएको, अधिकृत स्तरका कर्मचारीको अभाव भएको तथा सुरक्षा समन्वयको अभावमा लक्ष्य प्राप्ति चुनौतीपूर्ण रहेको भएता पनि ठोस कार्ययोजना तथा प्रभावकारी अनुगमनको कारण भन्सार प्रशासन हालसम्म लक्ष्य प्राप्तिमा सक्षम रहेको जानकारी गराउनु भयो। तर अब पनि सुरक्षाको लागि भन्सार प्रशासनको आफ्नै जनशक्ति र क्षमता विकास नगरी अरू निकायको नै भर पर्नु पर्ने भएमा हाल राजस्व प्रशासनको क्षमता र दायरा बाहिर रही चुहावट भइरहेको वास्तविक राजस्व असुल गर्न नसकिने मात्र नभइ वर्तमान स्तरको राजस्वको लक्ष्य प्राप्ति पनि कठिन हुने धारणा व्यक्त गर्न भयो।

कार्यक्रममा निर्देशन दिने क्रममा अर्थमन्त्री पाण्डेले तराईको कमजोर शान्तिसुरक्षाको अवस्थाको कारण भन्सार प्रशासनको सुरक्षामा देखापरेको संकटमा सरकारको ध्यान जाने आश्वासन दिनु भयो। भन्सार प्रशासनको आफ्नै सुरक्षा क्षमता तथा एकद्वार सुरक्षा प्रणालीको विकास नभए सम्म हालको सशस्त्र प्रहरी नै भन्सार प्रशासनको मातहतमा रहने व्यवस्थाको सम्भावनामा छलफल गरिने तथा भन्सार प्रशासनको आवश्यक थप पूर्वाधार व्यवस्थामा ध्यान दिइने आस्वाशन दिनु भयो। सदाचार पद्धतिमा भएको सुधार राम्रो कुरा हो भन्दै सुविधा बृद्धिलाई सदाचारको एकमात्र आधार बनाइएको हुँदा नैतिकता तथा सामाजिक डरलाई पनि सदाचार पद्धतिको आधार बनाउनु पर्ने सुझाव दिनुभयो। उहाँले उठन सक्ने राजस्वको आधा अंश अझै पनि राजस्व प्रशासनको लक्ष्य भन्दा बाहिर रहेकोले भन्सार प्रशासन अझ गम्भीरतापूर्वक अगाडि वढनुपर्ने धारणा समेत राख्नु भयो।



भन्सार विभागको ब्रिफिङ्ग अभिरुचिपूर्वक ग्रहण गर्दै अर्थमन्त्री तथा अन्य पदाधिकारीहरू

सदाचार पद्धतिमा विचलन देखिएमा तत्काल कारबाही गरिनेः समाचार पृष्ठ ३ मा

# भन्सार समाचार
# Customs News

**प्रकाशक**
भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं

**प्रमुख सल्लाहकार**
बोधराज निरौला

**सल्लाहकार**
लवराज श्रेष्ठ
डिकरदेव भट्ट
कुलराज ज्ञवाली

**प्रधान सम्पादक**
श्यामप्रसाद दाहाल

**सम्पादक**
नीरद रेग्मी

**मुद्रण**
सूचना प्रविधि तथा आधुनिकीकरण शाखा,
भन्सार विभाग, काठमाण्डौ।
फो नं.४२५९७९१,
४२५९७९३
फ्याक्स: ४२५९८०८
e-mail: it@customs.gov.np


## सम्पादकीय

एक्काइसौं शताब्दीको भन्सार प्रशासन समक्ष सम्भावना र चुनौती दुवै नयाँ तवरमा उपस्थित भएका छन्। भन्सार प्रशासनको भूमिका बदलिँदो राष्ट्रिय/अन्तराष्ट्रिय परिवेश अनुरूप परिवर्तन नहुने हो भने हाम्रो भन्सार प्रशासन अन्तराष्ट्रिय जगतमा परम्परागत भन्सार प्रशासनको रूपमा मात्र चिनिने छ। अन्तर्राष्ट्रिय व्यापारमा परिमाणात्मक बृद्धि हुनु, शीतयुद्धपछि भन्सार महसुल दरमा क्रमशः कटौती हुँदै जानु, विश्व व्यापार सङ्गठनको स्थापनासगैं अन्तराष्ट्रिय व्यापारका नियमहरूमा पनि वृद्धि र जटिलता थपिँदै जानु, क्षेत्रीय व्यापार अवधारणाले व्यापकता लिदैं जानु, दक्षिण दक्षिण बीच हुने व्यापार समेतको वार्षिक वृद्धि हुनु, व्यापार विशिष्टताको कारणले अन्तराष्ट्रिय व्यापारको स्वरूपमा पनि परिवर्तन हुँदै जानु, अन्तर्राष्ट्रिय व्यापारमा आपूर्तिको तौर तरिकामा पनि परिवर्तन हुनु, अन्तर्राष्ट्रिय स्तरमा सङ्गठित आर्थिक अपराधको अवसरमा पनि वृद्धि हुँदै जानु आदि कारणले भन्सारको अन्तराष्ट्रिय भूमिकामा व्यापक परिवर्तन आएको छ। राष्ट्रिय रुपमा निकासी र पैठारी व्यापारमा आएको परिवर्तन, खुला सीमाना, भन्सार प्रशासनले राजस्वको महत्वपूर्ण अंश सङ्कलन गर्ने दायित्व र उदीयमान ठूला दुई मित्रराष्ट्रको आर्थिक विकास आदि ले पनि भन्सारको परम्परागत भूमिकामा परिवर्तन भएको छ। यी दुई पक्षलाई आत्मासाथ गरी भन्सार प्रशासनले आफ्नो भूमिकामा तदनुरूप परिवर्तन गर्न आवश्यक देखिएको छ।

एक्काइसौं शताब्दीका उपयुक्त चुनौतीलाई सम्वोधन गर्न नेपालको भन्सार प्रशासन सक्षम नहुने हो भने यसले राष्ट्रले सुम्पिएको आर्थिक विकासलाई टेवा दिने गुरुत्तर जिम्मेवार पूरा गर्न सक्दैन। यसै तथ्यलाई मध्यनजर गरी भन्सार विभागले आगामी आर्थिक वर्षदेखि चारवर्षीय भन्सार सुधार तथा आधुनिकीकरण योजना लागु गर्दैछ। यसका विभिन्न ९ वटा रणनीतिक योजनाका कार्यक्रमहरूमा भन्सार प्रशासनलाई दूरगामी असर पार्ने र एक्काइसौं शताब्दीको चुनौतीको सामना गर्न सक्ने गरी जोखिम व्यवस्थापन पद्धति अवलम्वन गर्ने, सदाचारको विकास गर्ने र भन्सार प्रशासनलाई स्वचालित गर्ने कार्यक्रम रहेको छ। यी सुधार कार्यक्रमहरूलाई अगाडि नबढाउने हो भने नेपालको भन्सार प्रशासनको आधुनिकीरकणमा मात्र अवरोध आउने नभइ नेपालको अन्तराष्ट्रिय व्यापारको सहजिकरणमा समेत तीव्रता आउन नसक्ने डर समेत छ। यस कठिन राष्ट्रिय एवं अन्तराष्ट्रिय परिवेशमा नेपालको भन्सार प्रशासनका लागि आगामी केही वर्ष चुनौतीका वर्ष हुनेछन्। यी सबै चुनौतीहरूको सामना गरी नयाँ युग अनुरूपको भन्सार प्रशासनको सेवाको प्रत्याभूति दिन भन्सार प्रशासनले सम्बद्ध सबै पक्षको सहयोगको अपेक्षा गरेको छ।

## आशिकुडा Steering Committee बैठक सम्पन्न

सडक विभाग अन्तर्गत एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित Sub-Regional Transport Facilitation Project (STFP), ASYCUDA Component, Project Steering Committee को चौथो बैठक भन्सार विभागका महानिर्देशक तथा सो कमिटिका अध्यक्ष श्री बोधराज निरौलाको अध्यक्षतामा भन्सार विभागमा १३ जेठ २०६६ मा सम्पन्न भयो। वैठकमा एशियाली विकास वैंक आयोजना निर्देशनालय, UNCTAD, अर्थ मन्त्रालय र आन्तरिक राजस्व विभागको समेत प्रतिनिधित्व रहेको थियो। बैठकमा महानिर्देशक निरौलाले आयोजनाको नयाँ निर्देशकको रुपमा भन्सार विभागका उपमहानिर्देशक लवराज श्रेष्ठ नियुक्त हुन भएको जानकारी गराउनु भयो।

बैठकमा ASYCUDA Project को हालसम्मको प्रगतिको समीक्षा गरियो जसमा UNCTAD का Renaud Massenet र आयोजनाका Project Manager श्यामप्रसाद दाहालले Asycuda project को हालसम्मको प्रगति तथा समस्याहरुवारे विवरण प्रस्तुत गर्नु भएको थियो। बैठकमा महानिर्देशक निरौलाले आयोजनाको बाकी कार्य तदारुकताका साथ सम्पन्न गरी आयोजनाले परिलक्षित गरेको कार्यक्रम पूरा गर्न वढी केन्द्रीत हुन निर्देशन दिनुभयो।

> **"Character is like a tree and reputation like its shadow. The shadow is what we think of it; the tree is the real thing." Abraham Lincoln**

# सदाचार पद्धतिमा विचलन देखिएमा तत्काल कारबाही गरिनेः

## महानिर्देशकबाट विमानस्थल भन्सार कार्यालय निरीक्षण

भन्सार विभागका महानिर्देशक बोधराज निरौलाले त्रिभुवन विमानस्थल भन्सार कार्यालको निरीक्षण गर्ने क्रममा लक्ष्य अनुरूप राजस्व असुलीका लागि बधाई दिनु भयो। उक्त कार्यालय चालू आर्थिक बर्षको असार महिनासम्मको राजस्व असुलीको लक्ष्य पूरा गरी प्रोत्साहन पद्धतिमा सवै कार्यालयभन्दा अग्रणी रहेको छ।

उहाँले कर्मचारीहरुको सदाचार पद्धतिमा कुनै पनि प्रकारको सानो विचलन देखिएमा विभागले तत्काल कारबाही गर्ने स्पष्ट गर्नु भयो । निर्देशनको क्रममा त्रिभुवन विमानस्थल भन्सार कार्यालयले सदाचार पद्धतिमा प्रतिवद्धता जाहेर गर्ने सामूहिक प्रतिवद्धता पत्रमा हस्ताक्षर गरी सेवाग्राहीलाई सहज र सीध्र सेवा प्रदान गर्न, मूल्य पुनरावलोकन गर्दा के कति राजस्व बढेको छ र भौतिक परिक्षणवाट के कति राजस्व बढेको छ सो को साप्ताहिक विवरण विभागमा सम्प्रेषित गर्न निर्देशन दिनु भएको थियो। आशिकुडामा संलग्न कर्मचारीले सेवाग्राहीलाई अपेक्षित सेवा प्रदान गर्न सदाचारिता कायम राखी कार्यसम्पादन गर्न, Selectivity र Broker Module को प्रयोग बढाउन प्रयत्नशिल रहन र आधुनिकीकरणामा यस कार्यालयले अग्रणी भूमिका निर्वाह गर्न समेत निर्देशन दिनु भयो। प्रमुख भन्सार प्रशासक मुक्तिनारायण पौडेलले आगामी दिनमा कार्यालयले कार्यसम्पादन स्तरलाई उच्च राख्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

## सुक्खा बन्दरगाहमा Broker Module चाँडै लागु गरिनेः सेवाग्राही निकै उत्साहित

सुक्खा बन्दरगाह भन्सार कार्यालयमा यही असार १ गते देखि Broker Module को सुरुआत हुने भएको छ। सो प्रयोजनको लागि जेठ २८ गतेका दिन कार्यालयमा एक छलफल कार्यक्रम सम्पन्न गरियो। कार्यालय प्रमुखको संयोजकत्वमा सञ्चालित सो कार्यक्रममा सेवाग्राहीको व्यापक सहभागिता रहेको थियो। कार्यक्रममा निमित्त प्रमुख भन्सार अधिकृत पुरुषोत्तम श्रेष्ठ, भन्सार अधिकृत भीमप्रसाद अधिकारी र क.अ. प्रकाश दवाडीले विषयवस्तुको जानकारी गराउदै भोलिपल्ट देखिनै प्रत्येक दिन यस सम्बन्धी Orientation कार्यक्रम सन्चालन गरिने जानकारी दिनुभयो।छलफलमा सेवाग्राही निकै उत्साहित देखिए। उनीहरूले सुरुमा नै यस औजारको पूर्ण प्रयोग गरी प्रिन्टेड प्रज्ञापन पत्र र रसिद पाउनु पर्ने तथा दोहोरो दर्ताको व्यवस्था हटाउनु पर्ने माग गरे।कार्यालयको तर्फबाट विभागीय निर्देशन, सहयोग र समन्वयमा यसमा पूर्णता दिइने विश्वास दिलाइयो।

Broker Module भन्सार प्रकृयाको स्वचालनको लागि UNCTAD द्वारा प्रतिपादित र संवर्द्धित ASYCUDA प्रणाली भित्रको एक औजार हो। यो व्यापार सहजिकरणको एक सशक्त माध्यम पनि हो।यसमा निकासी पैठारी कर्ताले हातले प्रज्ञापनपत्र नभरी आफैले कम्प्युटरको माध्यमबाट भन्सारको कम्प्युटर डाटावेसमा आफ्नो खेप र कर निर्धारण घोषणा गर्दछन्। हाल त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा मात्र प्रयोगमा रहेको यो मोड्युल क्रमश अरु भन्सार कार्यालयमा प्रयोग गर्दै लैजाने विभागीय नीति रहेको छ। हाल त्रि.वि. भन्सार कार्यालयमा हातले प्रज्ञापन दर्ता गर्ने व्यवस्था हटाई दोहोरो दर्ताको समस्या हटाउने र स्वचालन प्रणालीबाट नै प्रज्ञापनपत्र दर्ता गर्ने तर्फ अध्ययन भईरहेको छ। ९० भन्दा बढी देशमा प्रयोगमा रहेको ASYCUDA प्रणाली नेपालका प्रमुख ९ भन्सारमा प्रयोग भइरहेको छ।

## भारतीय समकक्षीसँग सम्पन्न सीमा बैठक उपलब्धिमूलक

भन्सार प्रशासनले सीमा पारिका भन्सार समकक्षीसँगको बैठकलाई विशेष प्राथमिकता दिइ आएको छ। भन्सार विभागले दुई महिनामा एक पटक यस्तो बैठक गर्ने नीति बनाएको छ। सीमानामा हुने अवैध गतिविधि र चोरी निकासी पैठारी नियन्त्रणमा यस्तो बैठकको विशेष महत्व रहेको छ। हालै विभिन्न भन्सार कार्यालयहरूले सम्पन्न गरेको बैठक ज्यादै उपलब्धिमूलक रहेको धारणा दुवै पक्षले व्यक्त गरेका छन्।

मेची भन्सार कार्यालयले ८ अप्रिलका दिन बैठक सम्पन्न गर्‍यो। बैठकमा नेपाली पक्षको प्रतिनिधित्व प्रमुख भन्सार अधिकृत डा.ज्ञानुराजा श्रेष्ठ तथा भारतीय पक्षको प्रतिनिधित्व सुपरिटेण्डेन्ट के.के.नायकले गर्नु भयो। विराटनगर भन्सार कार्यालयले १६ मार्चका दिन बैठक सम्पन्न गर्‍यो। बैठकमा प्रमुख भन्सार अधिकृत मित्रलाल रेग्मीले नेपाल पक्षको तथा कलेक्टर जी.एच.थाङले भारतीय पक्षको प्रतिनिधित्व गर्नु भयो। जलेश्वर भन्सार कार्यालयले २४ मार्चका दिन बैठक सम्पन्न गर्‍यो।बैठकमा नेपाली पक्षको प्रतिनिधित्व भन्सार अधिकृत एस.के.सिंह तथा भारतीय पक्षको प्रतिनिधित्व सुपरिटेन्डेन्ट डि.पि.सिंहले गर्नु भयो। त्यस्तै गरी कृष्णनगर भन्सार कार्यालयले ५ मे का दिन बैकठ सम्पन्न गर्‍यो। बैठकमा प्रमुख भन्सार अधिकृत लक्ष्मी पौडेलले नेपाली पक्षको र सुपरिटेन्डेन्ट जे.के.चन्दले भारतीय पक्षको प्रतिनिधित्व गर्नु भयो।

**चोरी पैठारी वा चोरी निकासी गर्नु अपराध हो, यस्तो कार्य हामी कसैले नगरौं। यस्तो अपराध गरेको कसैले थाहा पाएमा भन्सार कार्यालय वा राजस्व अनुसन्धान विभागमा सूचना दिई असल नागरिकको कर्तव्य निर्वाह गरौं। भन्सार विभाग**

# चोरी निकासी/पैठारी नियन्त्रण समन्वय समितिको बैठकमा भन्सार प्रमुखहरू क्रियाशिल

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बस्ने चोरी निकासी/पैठारी नियन्त्रण समन्वय समितिको बैठकमा भन्सार प्रमुखहरू अत्यन्त क्रियाशील देखिएका छन्। स्थानीय तहमा चोरी निकासी पैठारीमा नियन्त्रण भई वैधानिक बाटोबाट उपभोग्य सामग्रीको पैठारी बृद्धि हुनु र राजस्व क्रमशः बढदै जानुमा यस्ता बैठकहरूको योगदान रहेको धारणा भन्सार प्रमुखहरूको रहेको छ। भन्सार प्रशासनको कार्यक्षेत्रमा अरू निकायहरूको तथा अरू निकायहरूको कार्यक्षेत्रमा भन्सार प्रशासनको कार्यक्षेत्र विस्तार हुन जाँदा भन्सार प्रशासन अति संवेदनशील र कठिन हुन पुगेको छ। यस कठिनाइ र समस्यालाई भन्सार प्रशासनले कुशल र प्रभावकारी अन्तरनिकाय समझदारी तथा समन्वय द्वारा समाधान गर्नु पर्ने हुन्छ जसमा भन्सार प्रशासन सदा प्रयत्नशील रहेको छ। समन्वय समितिको बैठक यस प्रयोजनको लागि अति उपलब्धिमूलक सावित भएको छ। यो बैठक प्रत्येक महिनामा दुई पटक वस्नु पर्ने विभागीय नीति तथा निर्देशन रहेको छ। वैशाख महिनामा मेची, विराटनगर, कृष्णनगर र नेपालगन्ज भन्सार कार्यालयबाट दुई दुई पटक र सुनसरी, सर्लाही, वीरगन्ज र भैरहवा भन्सार कार्यालयलबाट एक एक पटक सो बैठक सम्पन्न गरियो।

प्रोत्साहन प्रणाली

# भन्सार कार्यालयहरूको कार्यसम्पादनमा सुधार जारीः सुक्खा बन्दरगाह भन्सार कार्यालय सबै भन्दा अगाडि

भन्सार कार्यालयहरूको कार्यसम्पादन स्तरमा सन्तोषजनक प्रगति हुदै गएको तथ्याङ्कले देखाएको छ। यो प्रगति प्रोत्साहन प्रणालीमा समाविष्ट विभिन्न २७ वटा कार्यसम्पादन परिसूचकहरूको गणनाको आधारमा देखिएको हो। सो सम्पूर्ण परिसूचकहरूमा कुनै भन्सार कार्यालयले पूर्णाङ्क प्राप्त गर्न सकेमा सो भन्सार कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूले २०० प्रतिशत प्रोत्साहन भत्ता पाउने व्यवस्था रहेको छ। मङ्सिर महिनादेखि शुरू गरिएको सो प्रणालीमा वैशाख महिनामा हालसम्म २१ वटा भन्सार कार्यालयहरूले औसत १३१.३७ प्रतिशत भत्ता स्वीकृत गराउन सफल भएका छन्। सो औसत गत चैत्रमा ११५%, फागुनमा ९२.४१%, माघमा १०५.६६%, पुसमा ८४.१% र मङ्सिरमा ८६.१३% रहेको थियो। वैशाख महिनामा १८ वटा कार्यालयहरू १०० प्रतिशत नघाउन सफल भएका छन्। गत महिनाहरूमा क्रमशः १७, १२, १६, ९ र १३ वटा कार्यालयहरूले १०० % नघाउन सफल भएका थिए।

वैशाख महिनामा सवैभन्दा वढि १७३ अङ्कले सुक्खा बन्दरगाह भन्सार कार्यालय अग्रस्थानमा रहेको छ भने कृष्णनगर र त्रिभुवन विमानस्थल भन्सार कार्यालय १५९ अङ्क प्राप्त गरी दोस्रो स्थानमा रहेका छन्। गत चैत्र महिनामा त्रिभुवन विमानस्थल र फागुन महिनामा सुक्खा बन्दरगाह भन्सार कार्यालयले प्रथम स्थान हासिल गरेका थिए। वैशाख महिनामा सबैभन्दा कम अङ्क प्राप्त गर्ने कार्यालयमा सुनसरी भन्सार रहेको छ । १००% भन्दा कम अङ्क हासिल गर्ने कार्यालयको रुपमा कैलाली र पशुपतिनगर भन्सार रहेका छन्।

| भन्सार कार्यालय | | स्वीकृत भत्ता |
|---|---|---|
| 1 | सु. बन्दरगाह | १७३.०० |
| 2 | कृष्णनगर | १५९.०० |
| 3 | त्रि.वि. | १५९.०० |
| 4 | तातोपानी | १५६.४६ |
| 5 | वीरगञ्ज | १५५।४७ |
| 6 | नेपालगञ्ज | १५५.० |
| 7 | मेची | १४९.४४ |
| 8 | जलेश्वर | १४४.०० |
| 9 | कञ्चनपुर | १४२.०० |
| 10 | जनकपुर | १३७.०० |
| 11 | विराटनगर | १३७.०० |
| 12 | भैरहवा | १३०.४० |
| 13 | गौर | १२७.०० |
| 14 | सिराहा | १२४.०० |
| 15 | कोइलावास | १२४.०० |
| 16 | सर्लाही | १२१.०० |
| 17 | राजापुर | १०८.०० |
| 18 | राजविराज | १०७.०० |
| 19 | कैलाली | ९५.०० |
| 20 | पशुपतिनगर | ९१.०० |
| 21 | सुनसरी | ६५.०० |

## आन्तरिक राजस्व विभागको सूचना

१. जुनसुकै उद्योग, व्यापार, पेसा, व्यवसाय गर्नेले नजिकको आन्तरिक राजस्व कार्यालयमा आफ्नो व्यवसाय दर्ता गरी स्थायी लेखा नम्बर (PAN) लिनु पर्दछ।

२. हरेक करदाताले आफ्नो स्थलमा सबैले देख्ने गरी स्थायी लेखा नम्बर (PAN) र करपाटी अनिवार्य रुपमा राख्नु पर्दछ।

३. वस्तु वा सेवा बिक्री गर्दा स्थायी लेखा नम्बर अङ्कित भएको बिल अनिवार्य रुपमा जारी गर्नु पर्दछ।

४. PAN नम्बर लिएका साना करदाताले आफ्नो कारोबारको खाता आफैंले प्रमाणित गरेर राख्नु पर्दछ।

५. घर बहालमा लिनेले बहाल रकम भुक्तानी गर्दा बहाल रकमको १०% करकट्टी गरी आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्छ। बहालमा लिनेले करकट्टी नगरेको अवस्थामा उक्त कर घरधनीबाट असुल उपर गरिन्छ।

६. बिल जारी गर्नु बिक्रेताको कर्तव्य हो भने बिल लिनु क्रेताको अधिकार हो।

**अनिवार्य रुपमा व्यवसाय दर्ता गरौँ, कर तिरौँ र दण्ड जरिमानाबाट बचौँ।**

# कृष्णनगर भन्सार प्रति निकासी पैठारीकर्ताको धारणा सकारात्मकः सुधार कार्यक्रमलाई निरन्तरता दिइने



कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रणालीमा बैशाख महिनामा १५९ तथा फाल्गुण महिनामा १५५ अंक प्राप्त गरी उल्लेखनीय प्रगति हासिल गर्न सफल कृष्णनगर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री लक्ष्मीप्रसाद पौडेलसंग यस समाचारपत्रका सम्पादन समूहबाट हालै एक अन्तर्वार्ता लिइयो जसलाई जस्ताको तस्तै यहाँ प्रस्तुत गरिएको छ।

प्रश्नःकार्य सम्पादनमा यहाँको कार्यालय उल्लेखनीय प्रगति हासिल गरेको देखिन्छ । यसमा यहाँको प्रतिक्रिया के छ?

जवाफ :२०६५ मार्गमा म यस भन्सार कार्यालयमा सरुवा भई आएको समय कार्यालयको समग्र स्थिति अत्यन्त दयनीय, भताभुङ्ग, लथालिङ्ग थियो। सुधारको लागि कुन विन्दुबाट शुरु गर्ने भन्नेमा ज्यादै अल्लमल्लमा परें। तर पनि निराश भइन र सबभन्दा पहिला भन्सारको मुख्य कामकै आधारमा राजस्व असुलीलाई लक्ष्य अनुसार पुऱ्याउने अठोट गरेर कार्यक्रम अगाडि बढाएँ। म आउनु भन्दा पहिले कुनै पनि महिना राजस्व असुली पुग्न सकेको थिएन। राजस्व असुली पूरा गर्ने कार्ययोजना बनाई सो अनुसार आयात निर्यातकर्तासंग बैठक गरी भन्सारको काममा सरल, छिटोछरितो, पारदर्शी, स्वच्छ र सदाचार कायम गर्दै आफ्नो कार्य सम्पादन गर्ने प्रतिबद्धता जनाएर उनीहरुलाई भन्सार प्रति सकारात्मक दृष्टिकोणमा रहने वातावरण बनाउन सफल भएँ भने अर्कोतर्फ यस भन्सारको कार्यक्षेत्र भित्र पर्ने ठाउँहरुमा विशेष टोली बनाएर म समेत संलग्न भै चोरीनाकाका ठाउँठाउँमा गस्ती व्यापकरुपमा गर्न थाले। भन्सार कार्यालय भित्र भए रहेका कमीकमजोरीमा सुधार गरें। कार्यालयको सफासुग्घर, भौतिक निर्माण, छोटी भन्सार कार्यालयको स्थापना र संचालन तथा कुशल कार्यालय व्यवस्थापनको कारण अहिले यस भन्सार कार्यालयको कार्य सम्पादनमा उल्लेखनीय सुधार भएको छ। प्रत्येक महिना लक्ष्यको अनुपातमा कुल राजस्व १२० % देखि माथि हुने गरेको छ । २०६६ जेष्ठ महिनाको कुरा गर्ने हो भने पनि कुल राजस्व १४०% भन्दा बढी संकलन हुने अवस्था रहेको छ।

प्रश्न : तपाईको कार्यालयले बैशाखमा १६९ प्रतिशत भत्ता दावी गरेकोमा १५९ प्रतिशत मात्र स्वीकृती भएको छ। यसमा तपाईको के प्रतिक्रिया छ?

जवाफ : म यस भन्सार कार्यालयमा हाजिर भएको मार्ग महिनामा जम्मा ११ प्रतिशत प्रोत्साहित भत्ता स्वीकृति भएको थियो। हामी भत्ता पाउनेमा सबभन्दा तल्लो स्थानमा थियौं।

यस्तो दयनीय अवस्थामा सुधार गर्न हाम्रो भन्सार कार्यालयका सहभागी टीमसंग पटक पटक छलफल गरी हामी भन्सारका सम्पूर्ण टीम भन्सार सुधार कार्यक्रममा लाग्यौं। खासगरी राजस्व असुली, बेरुजु फछ्र्यौट, जाँचपास पछिको परीक्षण, लेखापरीक्षण, बैंक ग्यारेन्टी व्यवस्थापन, २ घण्टाभित्र जाँचपास, धरौटी व्यवस्थापन, विभिन्न निकायसंग बैठक, छलफल, मुद्दा फैसला, लिलामी व्यवस्थापन, प्रभावकारी गस्ती परिचालन, भन्सारमा सदाचार जस्ता पक्षहरुमा हाम्रो ध्यान केन्द्रित गऱ्यौं। क्रमशः प्रोत्साहित भत्ता दावी गर्न तोकिएका Indicators पूरा हुँदै गएर हालको अवस्थामा १५९ प्रतिशत भत्ता प्राप्त गर्न सफल भएका छौं भने आगामी दिनमा हामी अरु बढी प्रतिशत भत्ता पाउन सक्ने गरी कार्यसम्पादनमा दत्तचित्त भएर लागेका छौं।

प्रश्न : सुधारका पक्ष कसरी अगाडि बढेका छन्?

जवाफः हरेक काममा विभागीय नीति निर्देशनलाई मार्गदर्शन मानी हाम्रा सुधारका कार्यहरु योजनाबद्ध रुपमा कार्यतालिका बनाई कार्य सम्पादन गरी रहेका छौं। हरेक कार्यलाई लिपिबद्ध गर्छौं। कसले कुन कार्य कुन समयमा गर्ने भन्ने किटानी गरी अख्तियारी र जिम्मेवारी दिइएको छ। सबै कर्मचारीहरुले आफ्नो आफ्नो काम इमान्दारीपूर्वक निर्वाह गर्नु भएको छ।

प्रश्न : चुनौती तथा समस्याहरु के कस्ता छन् र समाधानका उपायहरु के हुन सक्ने ठान्नु हुन्छ?

जवाफ : यस भन्सार कार्यालयका पनि थुप्रै चुनौती र समस्याहरु रहेका छन्। खासगरी हालको अवस्थामा गरिएको राजस्व असुलीको प्रगतिलाई कसरी दिगो बनाउने भन्ने मूल चुनौती टड्कारो रहेको छ। यस अन्तर्गतको क्षेत्रबाट हुने चोरी निकासी पैठारी पूर्ण नियन्त्रण गर्न कटिबद्ध भएर लाग्नु पर्ने अवस्था रहेको छ। स्थानीय प्रशासन, नेपाल प्रहरी, शसस्त्र प्रहरी, भन्सार प्रशासनको समन्वयमा तस्करी, व्यापार नियन्त्रण गर्न जरुरी हुन्छ। यस भन्सार अन्तर्गत क्षेत्रको सिमाना रुपन्देहीदेखि दाङ्ग जिल्ला भएकोले खुला सीमाबाट हुने तस्कर व्यापार नियन्त्रण गर्न चुनौती रहन्छ नै। क्षेत्र ठूलो भएकोले सबै ठाउँमा हर समय पुग्न कठिन छ। तर पनि तस्करी व्यापारलाई नियन्त्रण गर्न सकिएमा ठूलो उपलब्धि हुने ठानेको छु। यस क्षेत्रमा काम गर्दा अनेकौं किसिमका गैर कानूनी क्रियाकलापका धम्की अपराधिक समूहबाट समय समयमा आउछन् नै। त्यस्ता क्रियाकलापलाई बुद्धिमत्तापूर्ण तरिकाले समाधान गर्नु परेको छ।

कार्यालयको लागि अनेकौं समस्याहरु भए पनि हालका दिनमा विभागीयस्तरबाट भौतिक लगायतका समस्या समाधान गर्न विशेष जोड दिएको पाएको छु। समय समयमा विभागका पदाधिकारीहरुबाट निरीक्षण, भ्रमण भईरहेको छ। त्यसबाट हामीलाई काम गर्न धेरै प्रोत्साहन मिलेको छ। हाम्रा समस्याहरु उहाँहरु मार्फत् पनि समाधान हुँदै आएका छन्।

प्रश्न : प्रोत्साहन प्रणालीका परिसूचकहरु सम्बन्धमा यहाँको प्रतिक्रिया के रहेको छ?

जवाफ : राजस्व असुलीको चुनौतिलाई ध्यानमा राखी नेपाल सरकारबाट भन्सार प्रशासनको छवी सुधार गर्न यो प्रोत्साहन प्रणाली अत्यन्त उपयुक्त कदम हो भन्ने हामीले ठानेका छौं। यस प्रशासनमा विगतमा देखिएका नकारात्मक छवीमा यसै प्रणालीको आधारमा केही सुधार भएको भन्ने मेरो बुझाई रहेको छ।

भन्सार प्रशासनलाई स्वच्छ बनाई सदाचार प्रणाली कायम गर्न यो प्रणाली एउटा महत्वपूर्ण कडी हुन्छ तर विगतको कार्य प्रणाली र छविमा सुधार आउन सकेन भने भन्सार प्रशासन प्रति अझ अत्यन्त नकारात्मक चर्चा समग्र कर्मचारीतन्त्रमा पर्नेछ। यति ठूलो कर्मचारीतन्त्रलाई अलग गरेर राजस्व समूहका कर्मचारीहरुले विशेष सुविधा खाएका छन् भनी हामीमा ठूलो आरोप लाग्ने छ।

अतः प्रोत्साहन प्रणालीमा आगामी दिनमा निरन्तरता दिनु जरुरी पनि छ र त्यसको साथै हाम्रा कार्य प्रणालीमा व्यापक सुधार गरी भन्सार प्रशासनलाई आधुनिक रुपमा नयाँ मान्यता प्रणालीमा लान सक्नु पर्दछ र प्रोत्साहन भत्ताका तुलना कैयौं गुणा बढी फाइदा राज्यलाई हुने गरी उपलब्धि हासिल गर्न सकेमा मात्र प्रोत्साहन प्रणालीको ठीक मूल्यांकन हुने छ।

**"Thinking as, what I would do in the particular condition if I were he, is understanding." Unknown.**

व्यक्तित्व परिचय

# पूर्व महानिर्देशक बालगोविन्द विष्ट



श्री बाल गोविन्द विष्टले २०६२ फागुन देखी २०६४ आषाढसम्म भन्सार विभागको महानिर्देशकको पदमा रहेर काम गर्न भएको थियो। निजामती सेवामा करिव तीन दशक भन्दा बढीको सेवा अवधी मध्ये अधिकाँस समय विकास सम्बन्धी कार्यहरुमा संलग्न रहनु भएका श्री विष्टलाई सेवानिवृत हुनु अगाडी भन्सार विभागको चुनौतिपूर्ण एवं संवेदनशील जिम्मेवारी दिइएको थियो। भन्सार विभागको महानिर्देशक पदमा कार्यरत हुँदाको अनुभव बारे श्री विष्टजी संगको भेटवार्ता यहा प्रस्तुत गरिएको छ ।

**१.भन्सार विभागको महानिर्देशक पदका जिम्मेवारीमा कसरी पुग्नु भयो ?**

उत्तरः- मुलुक शसस्त्र द्वन्दको समयमा रहदा म गृह मन्त्रालयको सहसचिव पदमा कार्यरत थिए। गृह अन्तरगतको लागु औषध नियन्त्रण र प्रकोप व्यवस्थापन संग सरोकार भएकोले मेरो काम विकाससम्बन्धी कार्यहरुसंग बढी सरोकार राख्दथ्यो। त्यसै ताका २०६२ माघको अन्तिम सातामा तत्कालिन अर्थ राज्यमन्त्रीबाट मलाई बोलावट भयो। अर्थ मन्त्रालयमा मन्त्रीजीको कार्यालयमा पुगेर जिज्ञासा राख्दा अर्थमन्त्री र सचिव दुवैले मलाई भन्सार विभागको महानिर्देशकमा सरुवा गर्ने तयारी भएको जानकारी दिइयो । यसबाट म अचम्भित भए र राजस्व प्रशासनको जटिलतासंग जुध्न मेरो पूर्व अनुभव नभएकोले मेरो इच्छा नभएको जानकारी गराएर फर्किए । सो बारे मैले आफ्नो विभागीय मन्त्री र सचिवलाई जानकारी गराउदा हामीलाई यस बारे केही जानकारी नभएकोले हैन होला भनियो । तर त्यसको भोलिपल्टै तत्कालिन मुख्य सचिवले बोलाई भन्सार विभागको महानिर्देशकमा जान भनियो । मैले राजस्व प्रशासनको अनुभव नभएकोले आफ्नो सरकारी सेवाको उत्तरार्द्धमा सो जिम्मेवारी नदिन आग्रह गरे । तर शाहीकालको समय हुदा तोकिएको जिम्मेवारी निर्वाह नगरे जे सुकै पनि हुन सक्ने भन्ने जस्तो अप्रत्यक्ष चेतावनी समेतको कारणले वाध्य भएर भन्सार विभागको महानिर्देशक पद स्वीकारेको हुँ ।

**२. इच्छा विपरितको कार्य जिम्मेवारीलाई कसरी निर्वाह गर्नु भयो ?**

उत्तरः- इच्छा विपरितै भएपनि सरकारले तोकेको जिम्मेवारी पूरा गर्न मैले निम्न मान्यताहरुलाई अनुशरण गरे जसले मलाई सफलता दिलायो ।

- विभाग र अन्तरगतका कार्यरत विभिन्न पदका अधिकृत तथा कर्मचारीहरुसंग सहकार्य एवं पारदर्शीताको वातावरणलाई प्रवर्द्धन गर्ने,
- भन्सार प्रशासनसम्बन्धी सबै काम कार्यवाहीमा हचुवा प्रवृति हटाई व्यवस्थित् प्रणाली (System Approch) लाई अनुसरण गर्ने,
- राम्रो काम गर्नेलाई उत्प्रेरित् गर्ने र नराम्रो काम गर्नेलाई उचित कार्यवाही गर्ने,
- राजनीतिक तथा उच्चस्तरको प्रशासनिक तहबाट आउने दवाव तथा भनसुनलाई के कति कारणले हुने नहुने स्पष्ट रुपमा जानकारी दिने ।

**३. भन्सार विभागमा छँदा तपाईले सामना गर्नु परेका चुनौतिहरु बारे केही जानकारी दिनु हुन्छ कि ?**

उत्तरः- भन्सार विभाग र अन्तरगतका निकायहरुले राजस्वको ठूलो अंश संकलन गर्नुपर्ने र वैदेशिक व्यापारलाई समेत सहज तुल्याउनु पर्ने हुदा विभागको कार्यसम्पादनले समग्र अर्थ व्यवस्थालाई नै प्रभावित् गर्दछ । यसले गर्दा विभागको काम कार्यवाहीमा चुनौतीहरुको निरन्तर सामना गर्नुपर्ने हुन्छ । मैले सामना गर्नु परेका दुई प्रमुख चूनौतीहरु निम्न बमोजिम छन् ।

- व्यापार सहजीकरणका लागि भन्सार प्रशासन वाधक भएको भन्ने उद्योगी तथा व्यापारीको नियमित गुनासो,
- कर्मचारीहरुको सरुवा तथा पदस्थापन राम्रो ठाँउमा गरिदिने दवाव ।

**४. तपाइले उल्लेख गर्नु भएका चुनौतीहरु कसरी सामना गर्नु भयो ?**

उत्तरः- उद्योग व्यापारीको गुनासो खास गरेर आयातित बस्तुहरुको वर्गीकरण र मूल्यांकन सम्बन्धमा रहन्थ्यो । WCO, WTO र SAFTA संग भएको सम्झौता तथा प्रतिवद्धतालाई आधार मानी पारदर्शी रुपमा काम गर्दा गराउदा समस्याहरु समाधान हुने गर्दथ्यो । भन्सार प्रशासनमा अनियमितता हुने गरेको भन्ने गुनासाहरु नआउने पनि होइन । तर भन्सार प्रशासनमा कुनै विचलन आउदछ भने सो को कारक तत्व आयातकर्ता/निर्यातकर्ता/भन्सार एजेन्टको कारणलेनै हुने हुँदा सो पक्षद्वारा नियमित कार्य भै दिएमा भन्सार प्रशासन स्वच्छ हुनमा मद्दत पुग्ने छ भन्ने मेरो भनाई रहन्थ्यो । यसै मान्यता अनुसार मेरो कार्य अवधीमा भन्सार प्रशासन अन्तरगत करिव चार समूहमा गरेर कर्मचारीहरुलाई विभागीय कार्यवाही भएको थियो । अर्कोतर्फ उद्योग प्रवर्द्धनको नाममा सरकारले दिएको सुविधा तथा सहुलियतलाई दुरुपयोग गरेर राजस्व चुहावट गरे वापत नेपालका कहलिएका उद्योगीलाई समेत कार्यवाही भएको अभिलेखमा नै रहेको छ ।

अर्को समस्याको रुपमा रहेको कर्मचारी सरुवालाई हचुवा प्रवृतिको अन्त्य गरी सरुवाको ठोस आधारहरु बनाई सरुवा तथा पदस्थापन गर्ने परिपाटीलाई अंगाल्नाले कुनै समस्या परेन । मेरो कार्यकालमा नियम अनुसार कर्मचारी सरुवाको अवधी पुगेका पाँचसय भन्दा बढी कर्मचारीको सरुवालाई स्पष्ट एवं पारदर्शी आधारमा गरिनाले खासै समस्या परेन ।

**५. तपाईको कार्यकालमा भन्सार प्रशासनमा के कस्ता सुधारहरु भए ?**

उत्तरः- माथि उल्लेख भए बमोजिम भन्सार प्रशासनमा मैले सहभागितामुलक एवं पारदर्शी Systems Approach लाई अवलम्वन गर्ने तर्फ पहल गरे जसले गर्दा मलाई सफलता प्राप्त गर्नमा सघाउ पुग्न गयो । यसको अतिरिक्त भन्सार आधुनिकीकरण तथा सुदृढिकरण सम्बन्धी योजना कार्यान्वयन र WCO को Harmonized System 2007 को अवलम्वन पनि उल्लेख्य छन् ।

**६. तपाई सेवा निवृत भएर के गर्दै हुनुहुन्छ ?**

उत्तरः- लामो समयसम्म सरकारी सेवामा रहेर विशेष गरी विकास सम्बन्धी निकायहरुमा काम गर्दा हासिल गरेको कार्य अनुभव र विदेशमा गएर तालीम, सेमिनार आदिमा सहभागि हुँदा बटुलेको ज्ञान तथा सीपलाई प्रयोग गरेर परामर्श सेवा प्रदान गर्ने कार्यमा संलग्न रहेको छु । यसबाट आफ्नो ज्ञान, सीप तथा अनुभवलाई उपयोग गरेर राष्ट्र सेवामा क्रियाशील हुन सकेको छु । साथै मैले करिव तीन दशक अघी सरकारी लेखासम्बन्धी पुस्तक प्रकाशन गरेको र हाल सार्वजनिक अर्थशास्त्र सार्वजनिक वित्त, सार्वजनिक संस्थान व्यवस्थापन, राजस्व नीति, व्यवस्थापन र लेखापरीक्षणसम्बन्धी प्रकाशित् कृतिहरुको प्रकाशनलाई निरन्तरता दिएको छु । यी कृतिहरुको प्रकाशनले मलाई मानसिक सन्तुष्टी प्राप्त हुनाको साथै मेरो पुस्तकरु पढेर विभिन्न विषयहरुमा स्नातक/स्नातकोतरस्तरको परीक्षामा सफल हुन सकेका सार्वजनिक सेवा तथा अन्यत्र कार्यरत कर्मचारी साथीहरुलाई परामर्श सेवा तथा अन्य प्रयोजनमा भेट्दा पाउने गरेको स्नेह ज्यादै अविस्मरणीय हुँदो रहेछ ।

**सम्पर्क ठेगाना**

बाल गोविन्द विष्ट
प्रबन्ध निर्देशक
सेन्टर फर इम्पावरमेन्ट इनोभेसन एण्ड डेभलपमेन्ट,
एकान्तकुना, जाउलाखेल, ललितपुर-१

कार्यालय परिचय

# कृष्णनगर भन्सार कार्यालय




## १. कार्यालयको परिचय:

कार्यालय रहेको स्थान: कपिलवस्तु जिल्ला, कृष्णनगर गा.वि.स वडा नं. २, कृष्णनगर ।
कार्यालयले चर्चेको क्षेत्रफल: ३ विगाहा, ३ कट्ठा, १६ धुर
कार्यालयको जम्मा भवन संख्या: ८ (यात्रु तथा आवास समेत)
कर्मचारी संख्या: ६२
नजिकको भारतीय बजार: बढ्नी बजार
छोटी कार्यालयहरू : ८ वटा छोटी भन्सार कार्यालय र १ नाका। जुन यस प्रकार छन् :

१. सुठौली छोटी भन्सार कार्यालय
२. भिल्मी छोटी भन्सार कार्यालय
३. कुशाहा छोटी भन्सार कार्यालय
४. वाणगंगा छोटी भन्सार कार्यालय
५. चाकरचौडा छोटी भन्सार कार्यालय
६. रंगपुर छोटी भन्सार कार्यालय
७. गौरा छोटी भन्सार कार्यालय
८. दोहनी छोटी भन्सार कार्यालय
९. हरिहरपुर नाका

जसमध्ये सुठौली, चाकरचौडा, दोहनी र भिल्मी छोटी भन्सार संचालनमा रहेका छन्।

## २. चालु आ.व. को बैशाख महिना सम्मको राजस्व संकलनको संरचनात्मक अवस्था:

| शीर्षक | यस आ.व.को लक्ष्य | | यस आ.व.को असुली | | गत आ.व.को असुली | | यस आ.व.को लक्ष्यको तुलनामा असुली प्रतिशत | | गत आ.व.को असुलीको तुलनामा यस आ.व.को असुली प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिनाको | महिना सम्मको | महिनाको | महिना सम्मको | महिनाको | महिना सम्मको | महिनाको | महिना सम्मको | महिनाको | महिना सम्मको |
| भन्सार महसुल | ४०२५५ | ३१३३०८ | ४६०९२ | ३६१४५७ | २५५२६ | २३९०३३ | ११४।५० | ११५।३७ | १८०।५७ | १५१।२२ |
| मू.अ. कर | १६७५१ | १३३६४१ | १८२६७ | १३९६३४ | ४२४३ | ११३६७८ | १०९।०५ | १०४।४८ | ४३०।५२ | १२२।८३ |
| अन्त:शुल्क | ८०८ | ६६८५ | ७६५ | ६६२८ | ५८ | ५७१३ | ९४।६८ | ९९।१५ | १३१८।९७ | ११६।०२ |
| **जम्मा** | **५७८१४** | **४५३६३४** | **६५१२४** | **५०७७१९** | **२९८२७** | **३५८४२४** | **११२।६४** | **१११।९२** | **२१८।३४** | **१४१।६५** |

यस तालीकाबाट चालु आ.व. को बैशाख महिनाको राजस्व संकलनको अवस्थालाई अध्ययन गर्दा कूल लक्ष्यको तुलनामा ११२.६४ प्रतिशत कूल असूली भएको देखिन्छ भने कूल राजस्व संकलनमा भन्सार राजस्वको योगदान प्रमुख रहेको देखिन्छ। त्यसपछि मू.अ.कर र अन्त:शुल्कको क्रमश: दोश्रो र तेश्रो भूमिका देखिन्छ। साथै गत वर्षको भन्दा चालु आ.व. को वैशाख महिनाको भन्सार, मू.अ.कर र






अन्त:शुल्क राजस्व संकलनमा क्रमश: १८०.५७, ४३०.५२ र १३१८.९७ प्रतिशतले बृद्धि भएको छ भने गत वर्षको भन्दा यस वर्षको बैशाख महिनासम्मको भन्सार, मू.अ.कर र अन्त:शुल्क राजस्व असूलीको क्रमश: १५१.२२, १२२.८३ र ११६.०२ प्रतिशत बृद्धि लाई हेर्दा कृष्णनगर भन्सार कार्यालय राजस्व संकलनको दृष्टिकोणले निकै उत्साहजनक अवस्था छ। यस विषयमा तलको चार्टबाट अझ स्पष्ट हुन सकिन्छ।

३. <u>निकासी पैठारीको प्रवृत्ति</u>: यस भन्सार कार्यालयबाट भारततर्फ निकासी हुने वस्तुहरूमा गिट्टी, वालुवा, रोजिन, प्लाईउड, नेपाली देशी घ्यू, मोलासिस, तारपिनको तेल, जीवजन्तुका हाड, हर्वल तेल, नेपाली वेतको टोकरी र नेपाली हस्तकलाका सामानहरू पर्दछन्, भने पैठारीतर्फ सिमेण्ट, क्लिङ्कर, खरानी, खसी बोका तथा फलफूल प्रमुख रूपमा रहेका छन् । राजस्व संकलनको दृष्टिकोणले निकासीतर्फ गिट्टी, वालुवा तथा पैठारीतर्फ सिमेण्ट र क्लिङ्करको भूमिका महत्वपूर्ण रहेको छ।

४. <u>मुद्दा फछ्र्यौट</u>: २०६६ बैशाख महिनामा २ मुद्दा फैसला गर्ने लक्ष्य रहेकोमा २० मुद्दा फैसला गरिएको छ र पक्राउ परी दाखिला हुन आएका मालसामानहरू यथा समयमा लिलाम गरी रू. १,५८,८१५। राजस्व प्राप्त भएको छ। यसैगरी २०६५ चैत्र महिनामा यस भन्सार कार्यालयको निरीक्षणको क्रममा महानिर्देशकज्यूबाट निर्देशन भए बमोजिम २०६६ ज्येष्ठ महिनाभित्र सवै मुद्दाहरू फछ्र्यौट गर्ने निर्देशन भए बमोजिम सो लक्ष्य पूरा गर्नेतर्फ प्रयासरत रहेको।

५. सवै मुद्दाहरू फछ्र्यौट गर्ने निर्देशन भए बमोजिम सो लक्ष्य पूरा गर्नेतर्फ प्रयासरत रहेको।

६. <u>बेरूजु फछ्र्यौट</u>: २०६६ बैशाख महिना रू. २१७८७०।१७ समेत गरी यस कार्यालयबाट हालसम्म जम्मा रू. २,९०,३२८। बेरूजु फछ्र्यौट गरिएको छ जुन हालसम्मको लक्ष्य रू. २६५०००। को तुलनामा १०९ प्रतिशत फछ्र्यौट भएको छ भने रू.१०,८९,४५०। बेरूजु फछ्र्यौटको लागि मन्त्रिपरिषद्को बैठकमा प्रस्ताव गएको छ।

७. <u>लिलाम प्रक्रिया</u>: २०६६ बैशाख भन्दा ४ महिनाअघिको महिनामा ६ मुद्दा फैसला भएकोमा ६ वटै मुद्दाको सामान लिलाम भएको साथै ३ महिना अघिसम्म ४७ मुद्दा दर्ता भएकामा ४७ वटै मुद्दाको फैसला गर्ने कार्य सम्पन्न भएको छ ।

८. <u>२ घण्टा भित्र जाँचपास</u>: २०६६ बैशाख महिनामा पैठारीतर्फ ३८२ तथा निकासीतर्फ ४१ गरी जम्मा ४२३ प्रज्ञापनपत्र दर्ता भएकोमा त्यसको ८० प्रतिशतले ३३९ प्रज्ञापनपत्र २ घण्टाभित्र जाँचपास हुनुपर्नेमा ३५६ अर्थात कूल प्रज्ञापन पत्रको ८४.१६ प्रतिशत जाँचपास भएको छ।

९. <u>जांचपास पछिको परीक्षण</u> (PCA) : २०६६ शाल बैशाख महिनाको लागि २ वटा फर्मको PCA गर्ने लक्ष्य तोकिएकोमा २ वटा फर्मको PCA सम्पन्न भएको तथा यस आ.व. २०६५/०६६ को वैशाखसम्म १२ वटा फर्महरूको PCA गर्ने लक्ष्य तोकिएकोमा १३ वटाको PCA गर्ने कार्य सम्पन्न भैसकेको छ।

१०. <u>गस्ति परिचालन</u>: हालको स्थितिलाई विचार गरी चोरी पैठारी निकारी नियन्त्रण गर्ने उद्देश्यले सशस्त्र भन्सार गस्तीसंग समन्वय गरी प्रभावकारी गस्ति परिचालन गरिएको छ। भन्सारको तर्फबाट राती तथा दिन दुवै समयमा पटक पटक विभिन्न टोली बनाएर गस्ती गर्ने गरिएको छ। बैशाख महिनामा चोरी पैठारीका ७ वटा मुद्दा दर्ता भएका छन्।

११. <u>भौतिक निर्माणतर्फ</u>: यस आ.व. मा भौतिक निर्माण कार्यको लागि उपलब्ध बजेटबाट यस कृष्णनगर भन्सार कार्यालयको तल्ला थप्ने कार्य करिव सम्पन्न भैसकेको छ, र गेट शाखा संचालनको लागि निर्माण भैरहेको भवन निर्माण कार्य पनि यही जेष्ठ महिनाभित्रमा सम्पन्न भइसक्ने गरी निरन्तर निर्माण कार्य भैरहेको छ। त्यस्तै यस भन्सार अन्तर्गत चाकरचौडा र दोहनी छोटी भन्सार कार्यालयको भवन निर्माण पनि यही जेष्ठ महिनाभित्र सम्पन्न भैसक्ने गरी कार्य भैरहेको छ।

१२. <u>बैठक तथा छोटी निरीक्षण</u>: २०६६ बैशाख महिनामा एक पटक सीमावर्ती निकट भारतीय भन्सार बढ्नीसंग सीमा भन्सार बैठक सम्पन्न गरिएको छ र २ पटक जिल्ला राजस्व चुहावट नियन्त्रण समितिको बैठक, एक पटक व्यापार सहजिकरण समितिको बैठक र एक पटक कार्यालयका कर्मचारीहरूसंगको बैठक र ६ पटक विभिन्न छोटी भन्सार कार्यालयहरूको निरीक्षण सम्पन्न गरिएको छ।

१३. <u>डि.आर.पि.तर्फ</u>: यस कार्यालयबाट डि.आर.पि. अन्तर्गत पैठारी भएका सामानहरूको अभिलेख यथासमयमा सम्वन्धित कार्यालयहरूमा पठाइएको छ।

१४. <u>कार्यालय व्यवस्थापन र सरसफाई</u>: मा विशेष ध्यान दिइएको छ। सेवाग्राहीलाई यथासमयमा सेवा पाउने व्यवस्थाको पूर्णपालना गरिएको छ र सदाचार पद्धतिमा निरन्तरता दिइएको छ।

१५. <u>तथ्याङ्क तथा अभिलेख</u>: यथासमयमा तथ्याङ्क/अभिलेखहरू सम्बन्धित ठाउँमा पठाउने गरिएको छ।

१६. <u>गेट शाखामा **ASYCUDA System** लागू गर्ने</u>: २०६५ साल चैत्र महिनामा यस भन्सार कार्यालयको निरीक्षणको क्रममा महानिर्देशकज्यूबाट लिंकगेट शाखाको निर्माण कार्य सम्पन्न भएपछि गेटमा ASYCUDA System लागू गर्ने र भन्सार संकेत सहायक निरीक्षकहरूलाई गेटको निकासी तथा पैठारीको प्रज्ञापन पत्रहरू ASYCUDA System मा Entry गर्न लगाउने निर्देशन भए बमोजिम भन्सार संकेत सहायकहरूलाई क्रमश: कम्प्युटर सिकाउने तथा ASYCUDA System मा Familier बनाउदै जाने कार्य भइरहेको।

# भन्सार विभागको बियुतीय सम्पर्क

## http:\www.customs.gov.np

| | |
|---|---|
| dg@customs.gov.np | it@customs.gov.np |
| ddg@customs.gov.np | inspect@customs.gov.np |
| valuation@customs.gov.np | account@customs.gov.np |
| tariff@customs.gov.np | admin@customs.gov.np |
| lab@customs.gov.np | crm@customs.gov.np |
| stat@customs.gov.np | drp@customs.gov.np |

प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फो नं.४२५९७९१, ४२५९७९३ फ्याक्स:४२५९८०८